समर 2020

# Stepping Stones

INDIVIDUAL HEALTH CARE PLANS

PEAL CENTER

**प्यारेन्ट एजुकेशन एण्ड एड्भोकेसी लिडरशिप सेन्टर**

**शिक्षा तथा स्वास्थ्य सेवामा समावेशीकरण तथा पहुँचलाई प्रवर्द्धन गर्दै** | **PA भरिमा परिवार तथा युवा वयस्कहरूलाई सशक्त पार्दै**

## एक आमाको कथा

डउफिन काउन्टीकी एश्ले मेन्थेइका मस्तिष्कमा तरल पदार्थले दबाव गराउने दीर्घकालीन समस्या हाइड्रोसेफालस भएका दुईवटा छोरा छन् । दबावलाई कम गर्नका लागि दुवै बच्चाहरूमा शन्टहरू बनाइएको छ ।

यदि शन्टले काम गरेन भने मष्तिस्कमा क्षति वा मृत्यु समेत पनि हुन सक्छ । **एश्ले र उहाँको परिवारका लागि स्कुलका कर्मचारीहरूले शन्टले काम नगरेको लक्षणहरूलाई पहिचान गर्नुहुन्छ र उहाँहरूलाई के कदम चाल्नुपर्ने भनेर थाहा छ भन्ने कुराहरू एकदमै महत्त्वपूर्ण हुन्छ ।**

एश्ले बताउनुहुन्छ कि आफ्नो छोराहरूका लागि व्यक्तिगत स्वास्थ्य सेवा योजनाहरू नभएको भए "मेरो सतर्क आँखाहरूबाट टाढा हरेक दिन स्कुल पठाउँदा मलाई मनको शान्ति मिल्ने थिएन ।"

सेन्ट्रल पेन प्यारेन्टको https://bit.ly/3dkSjy0 मा **तपाईंको बच्चालाई किन IHP आवश्यक पर्छ** मा एश्लेको कथाका बारेमा थप पढ्नुहोस् ।

यदि विद्यार्थीलाई आज्मा (दम), सिजर (कम्पन), एनाफिलेक्सिस (गम्भीर एलर्जीजन्य प्रतिक्रिया) र/वा डायबिटिज (मधुमेह) सँग सम्बन्धित आकस्मिक स्थितिहरूलाई सम्बोधन गर्न कार्य योजना आवश्यक पर्छ भने यी योजनाहरू सामान्यतया चिकित्सकद्वारा लेखिन्छ र स्कुलसँग साझा गरिन्छ ।

## व्यक्तिगत स्वास्थ्य सेवा योजना के हो ?



व्यक्तिगत स्वास्थ्य सेवा योजना (IHP, IHCP वा HCP) **चिकित्सकीय जटिलता भएको विद्यार्थीका आवश्यकता तथा लक्ष्यहरूलाई सम्बोधन गर्न स्कुल नर्सद्वारा विद्यार्थी/परिवारसँगको सहकार्यमा विकास गरिएको टुल** हो । यस योजनाले विद्यार्थीको अवस्था(हरू)/समस्याहरूलाई पहिचान गर्छ र के कुरा अनिवार्य रूपमा कसद्वारा गरिनुपर्छ भनेर स्पष्ट पार्दै स्कुलमा हुँदा विद्यार्थीका स्वास्थ्य सेवा आवश्यकताहरूका बारेमा जानकार रहन स्कुलका कर्मचारीहरूलाई मद्दत गर्छ । IHP ले स्कुलका कर्मचारीहरूलाई विद्यार्थीका चिकित्सकीय समस्याहरू, ती समस्याहरूले उनको स्कुलको अनुभवलाई कसरी प्रभावित गर्छन् र सम्बन्धित आकस्मिक स्थितिहरूलाई कसरी समाधान गर्ने भनेर बुझ्नमा अग्रसक्रिय फ्रेमवर्क उपलब्ध गराउँछ ।

स्कुलका लागि व्यक्तिगत स्वास्थ्य सेवा योजनामा निम्न कुराहरू समावेश हुनुपर्छ:

- ❒ बच्चाको सुरक्षा सुनिश्चित गर्नका लागि योजनालाई बुझ्न आवश्यक पर्ने व्यक्तिहरूको सूची
- ❒ गैर-चिकित्सकीय कर्मचारीहरूले बुझ्न सक्ने विवरण:
  - थाहा हुनुपर्ने चिन्ह, लक्षण र ट्रिगरहरू
  - समस्याले बच्चालाई प्रभावित पार्दा त्यसका लागि कार्य योजना
- ❒ कर्मचारी र/वा विद्यार्थीहरूका लागि आवश्यक पर्ने प्रशिक्षण
- ❒ यदि आवश्यक भएमा अतिरिक्त क्रियाकलाप, यातायात सुविधा र स्थलगत भ्रमणहरूसँग सम्बन्धित जानकारी
- ❒ यदि बच्चाको जीवनलाई जोखिममा पार्ने समस्या छ भने आकस्मिक योजना
- ❒ 911 वा अन्य फर्स्ट रेस्पोन्डरहरूलाई फोन गर्नका लागि मापदण्डहरू
- ❒ परिवारलाई सम्पर्क गर्नका लागि मापदण्डहरू र प्रक्रिया

IHP ले निम्नलाई पनि सम्बोधन गर्न सक्छ:

- → एलर्जी गराउने कुरा तथा ट्रिगरहरूबाट बचाउ
- → मनासिब विशेष व्यवस्थाहरू
- → विद्यार्थीका लागि औषधिहरू बोक्न र आफै खान वा लगाउनका लागि प्रक्रियाहरू
- → हाजिरी र/वा यातायातसम्बन्धी चिन्ताहरू
- → आकस्मिक औषधिहरु दिने

**स्वास्थ्य सेवा योजनाहरूलाई प्राय: नर्सको कार्यालयमा राखिन्छ र IEP वा 504 योजनामा गाभ्न वा तिनीहरू सँगै राख्न सकिन्छ ।**

**IHP सही छ र उत्तम अभ्यासहरू अनुरूप छ भनेर सुनिश्चित गर्नका लागि** आफ्नो बच्चाका चिकित्सकसँग त्यसका बारेमा छलफल गर्नु राम्रो कुरा हो । यदि स्वास्थ्य समस्याको कारणले गर्दा एकदमै धेरै अनुपस्थिति हुने अपेक्षा गरिएको छ भने IEP/504 मा वैकल्पिक हाजिरी योजना समावेश गर्न सकिन्छ । यस प्रकारको योजनाका लागि चिकित्सकबाट पत्र प्राप्त गर्न आवश्यक पर्न सक्छ ।

**स्कुलमा हुँदा विद्यार्थीहरूका स्वास्थ्य सेवा आवश्यकताहरूको समन्वय गर्न जिम्मेवार** स्कुल नर्ससँग नियमित सञ्चार विश्वसनीय सम्बन्ध बनाउनका लागि मात्र नभएर बदलिँदो आवश्यकताहरूलाई सम्बोधन गर्न र योजनाहरूलाई अद्यावधिक गर्नका लागि पनि महत्त्वपूर्ण हुन्छ । तपाईंको बच्चाका स्वास्थ्य सेवा आवश्यकताहरू पूरा भएका छन् भनेर हेर्नका लागि सहकारी प्रयासमा **स्वास्थ्य सेवा प्रदायकहरूबाटप्राप्त जानकारी साझा गर्न र सप्लाइ (सामग्री), औषधि, प्रेस्कृप्सन वा जानकारीका लागि नर्सले गर्नुभएका अनुरोधहरूको जवाफ दिन** महत्त्वपूर्ण हुन्छ ।

## IHP तयार गर्ने

**परिवारले:**

- स्वास्थ्य सेवा प्रदायक(हरू) सँग स्वास्थ्य समस्याहरू र स्कुलमा तिनीहरूले तपाईंको बच्चालाई कसरी प्रभावित गर्छन् भन्ने बारेमा छलफल गर्नुपर्छ।
- प्रदायक(हरू) लाई स्वास्थ्य समस्या, आवश्यकता र निश्चित सिफारिसहरूको लिखित स्वरूप उपलब्ध गराउन अनुरोध गर्नुपर्छ।
- स्वास्थ्य सेवा प्रदायक(हरू) बाट प्राप्त कागजपत्रहरू स्कुल नर्ससँग साझा गर्नुपर्छ र तिनीहरूका बारेमा छलफल गर्नुपर्छ।

**स्कुल नर्सले:**

- तपाईंको बच्चाका बारेमा थप जानकारी प्राप्त गर्न मूल्याङ्कन टुलहरू प्रयोग गर्नुपर्छ; स्वास्थ्य सेवा प्रदायक(हरू) सँग छलफल गर्नुपर्छ; मेडिकल रेकर्डहरूको समीक्षा गर्नुपर्छ; र विद्यार्थी तथा स्कुलका कर्मचारीहरूसँग कुरा गर्नुपर्छ।
- नर्सिङ सहयोगात्मक सेवाहरू र स्कुल वातावरणका लागि मापनयोग्य परिणामहरू दर्शाउने नर्सिङ निदान तयार गर्नुपर्छ।
- समस्या समाधानको प्रगति, सुधार भएको स्वास्थ्य स्थिति र/वा राम्रो स्वास्थ्यको निरन्तर रखखावलाई निगरानी गर्नका लागि मापनयोग्य लक्ष्यहरू तय गर्नुपर्छ।

**IHP उदाहरण***

| नर्सिङ निदान | लक्ष्यहरू | नर्सिङ सहयोगात्मक सेवाहरू | अपेक्षित परिणामहरू |
|---|---|---|---|
| ट्रेकियोस्टोमीको कारणले गर्दा सञ्चारमा परिवर्तन | विद्यार्थीको वृद्धि भएका स्वतन्त्र सञ्चार सीपहरू हुन्छ | >प्रभावकारी सञ्चार बढाउनका लागि सेवाको क्रममै प्रशिक्षण<br>>कर्मचारीहरू विद्यार्थीको अगाडि उभिनुपर्छ, आँखाको सम्पर्क र राम्रो आवाजको प्रयोग गर्नुपर्छ। | विद्यार्थीले साप्ताहिक रूपमा एक मैखिक वा गैरमौखिक सङ्केतबाट सञ्चारलाई बढाउनेछन्। |



*Cynthia K. Silkworth, Jartha J. Arnold, Judith F. Harrigan, Donna Shipley Zaiger, सम्पादकहरू, Individualized Healthcare Plans for the School Nurse, Concepts, Framework, Issues, and Applications for School Nursing Practice. (https://www.schoolhealth.com बाट 21 जुन 2020 मा डाउनलोड गरिएको कागजपत्रको PDF संस्करण)।



## स्रोतसाधनहरू

**→स्कुल नर्सका लागि व्यक्तिकृत स्वास्थ्य सेवा योजनाहरू**
स्कुल नर्सिङ अभ्यासका लागि अवधारणा, फ्रेमवर्क, समस्या र प्रयोगहरू https://bit.ly/2CwmXbf
स्कुल नर्सहरूका लागि लेखिएको तर परिवारहरूका लागि पनि जानकारीमूलक हुने यस संक्षिप्त प्रकाशनले IHP प्रक्रिया र दीर्घकालीन स्वास्थ्य समस्याहरू भएका विद्यार्थीहरूका बारेमा विस्तृत जानकारी उपलब्ध गराउँछ।

**→व्यक्तिगत स्वास्थ्य सेवा योजना (IHP) का लागि शीर्ष दश सुझावहरू**
PTI नेब्रास्का https://bit.ly/3hON11i
IHP प्रक्रियामा सुरु हुनका निम्ति परिवारहरूलाई मद्दत गर्नका लागि सुझावहरू।

**→व्यक्तिगत स्वास्थ्य सेवा योजना प्रक्रिया**
कोलोराडो डिपार्टमेन्ट अफ एजुकेशन https://bit.ly/3fHYVYW
IHP प्रक्रियाका बारेमा थप विस्तृत छलफल।

**→व्यक्तिगत विद्यार्थी स्वास्थ्य सेवा योजना टेम्पलेटहरू**
सान डिएगो काउन्टी अफ एजुकेशन https://bit.ly/2WHnoq7
आफ्ना आवश्यकताहरू अनुसार बनाउन सकिने 90 भन्दा बढी चिकित्सकीय समस्याहरूका लागि डाउनलोड गर्न सकिने वर्ड फर्म्याटमा रहेका कागजपत्रहरू। यसमा अटिजम, एनाफिलेक्सिस, सेरेब्रल पाल्सी, हेमोफिलिया, ट्रमाटिक ब्रेन इन्जुरी र अन्य धेरै समस्याहरू भएका विद्यार्थीहरूका लागि योजनाहरू रहेका छन्।

**→विशेष स्वास्थ्य सेवा आवश्यकताहरू भएका विद्यार्थीहरूका लागि स्याहार योजनाहरू**
पेन्सलभेनिया डिपार्टमेन्ट अफ हेल्थ https://bit.ly/319Zl6a
विद्यार्थीहरूलाई सहायता गर्नका लागि विशिष्ट योजनाहरूको संक्षिप्त छलफल, जस्तै कि व्यक्तिकृत स्वास्थ्य सेवा योजना (IHP), आकस्मिक स्याहार योजना (ECP), चिकित्सकीय भाग सहितको व्यक्तिकृत शिक्षा कार्यक्रम (IEP), व्यक्तिकृत यातायात योजना (ITP) र 504 सेवा सम्झौता।

PA फ्यामिली टु फ्यामिली हेल्थ इन्फर्मेसन सेन्टर भनेको प्यारेन्ट एजुकेशन एण्ड एड्भोकेसी लिडरशिप (PEAL) सेन्टरको कार्यक्रम हो जसका लागि आर्थिक सहयोग हेल्थ रिसोर्सेज सर्भिसेज एड्मिनिस्ट्रेसन मेटर्नल एण्ड चाइल्ड हेल्थ ब्युरोद्वारा अनुदान H84MC26214 अन्तर्गत प्रदान गरिएको छ।

PEAL CENTER

**थप जानकारीका लागि PEAL सेन्टरलाई सम्पर्क गर्नुहोस्।**
**वेबसाइट: www.pealcenter.org • इमेल: info@pealcenter.org • टोल-फ्रि: 866-950-1040**

@PEALCenter @PEALyouth